आज मिति २०७६ असार ०८ गते आईतबार विहान ११:३० बजे गांउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा ३१औं गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरीयो:

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री निर्मला हिम्डुङ | |
| ३ | सदस्य | श्री कान्छाराम रुम्बा, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री सुर्य बहादुर मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री बाबुलाल स्याङतान, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री चन्द्र सिंह प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री सिंगलाल प्रजा, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री कुल बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री रामकृष्ण प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सिमोन वि.क. | |
| १३ | सदस्य | श्री मैना कुमारी गोले | |
| १४ | सदस्य | श्री गौरीमाया स्याङतान | |
| १५ | सदस्य | श्री कर्ण कुमारी राउत | |
| १६ | सदस्य | श्री सुकमाया वि.क. | |
| १७ | सदस्य-सचिव | श्री रामकुमार पुडासैनी | |
| १८ | लेखा अधिकृत | श्री शम्भु प्रसाद बर्तौला | |
| १९ | अधिकृत सातौं | श्री राजेन्द्र भट्टराई | |

CamScanner

**प्रस्तावहरु**

१. वार्षिक नीति तथा कार्यक्रम स्विकृती सम्बन्धी ।
२. राजश्व परामर्श समितिको प्रतिवेदन स्विकृती सम्बन्धी ।
३. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको प्रतिवेदन स्विकृती सम्बन्धी ।
४. गाउँपालिकाको पार्श्वचित्र, २०७५, स्विकृती सम्बन्धी ।
५. चालु प्रादेशिक योजनाको म्याद थपका लागि अनुरोध सम्बन्धमा ।
६. आर्थिक विधेयक छलफल तथा स्विकृती सम्बन्धी
७. विनियोजन विधेयकमा माथि छलफल तथा स्विकृती सम्बन्धी
८. विविध ।

**छलफल तथा निर्णयहरु**

**निर्णय नं. १**

यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७६/७७ मा गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाहरुका सम्बन्धमा तथा गाउँपालिकाले अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्बन्धमा उपाध्यक्षको संयोजकत्वमा मिति २०७६ असार ८ गते बसेको बजेट तर्जुमा तथा कार्यक्रम समितिको सिफारीस तथा यस कार्यपालिकाको वैठकले छलफल गरी अन्तिम टुंगो लगायको संलग्न वार्षिक नीति, कार्यक्रम तथा बजेट स्विकृत गरी आगामी असार १० गते हुने गाउँसभाको वैठकमा पेश गर्ने निर्णय गरियो । सो पश्चात विभिन्न विषयगत समितिको वैठकमा छलफल गरी बजेटको अन्तिम खाका तयार गरी कार्यपालिकाबाट स्विकृती पश्चात यसै असारमा सम्पन्न हुने गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

राजश्व परामर्श समितिले मिति २०७६ असार ६ गतेसम्म छलफल गरी टुंगो लगाएको आगामी आर्थिक वर्षमा गाउँपालिकाले संकलन गर्ने करका दररेट, करका विभिन्न नीति तथा सुझावहरु तथा आगामी आर्थिक वर्ष २०७६।७७ मा संकलन गरिने आन्तरिक आयको प्रक्षेपण सहितको संलग्न **राजश्व परामर्श समितिको प्रतिवेदन, २०७६** उपर छलफल तथा परिमार्जन गरी उक्त प्रतिवेदन स्विकृत गरीयो ।

**निर्णय नं. ३**

स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०७६ असार ६ गते बसेको बैठकबाट आगामी आर्थिक वर्ष २०७६।७७ मा गाउँपालिकालाई संघ तथा प्रदेशबाट प्राप्त हुने वितिय समानिकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, सवारी कर बाँडफाँडबाट प्राप्त अनुदान, समपुरक अनुदान, विषेश अनुदान, सशर्त अनुदान तथा गाउँपालिकाको सञ्चित कोषमाथि व्ययभार हुने अन्य रकम, आन्तरीक आय प्रक्षेपणबाट उठ्न सक्ने अनुमानित आन्तरीक राजश्व सहितको कूल आय तथा व्यय देखिने आय व्ययको अनुमानित तपसिलको कूल बजेट प्रक्षेपण, योजना तर्जुमा गर्दा विषयगत क्षेत्रहरु आर्थिक क्षेत्र, सामजिक क्षेत्र, पूर्वाधार विकास क्षेत्र, विपद व्यवस्थापन क्षेत्र, संस्थागत सेवा प्रवाह तथा सुशासन क्षेत्रमा विनियोजन गरिने बजेटको प्रतिशत तथा रकम सहितको सिमा र सुझावहरु सहितको संलग्न **स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको प्रतिवेदन, २०७६** माथि आवश्यक छलफल तथा परिमार्जन सहित उक्त प्रतिवेदन स्विकृत गरियो ।

**हालसम्म प्राप्त तथा प्रक्षेपित बजेट**

| | |
|---|---|
| **प्रदेश** | |
| वितिय समानिकरण | १०१६३००० |
| शिक्षा स्वास्थ्य शसर्त अनुदान | १९८९००० |
| सवारी कर बाँडफाँडबाट प्राप्त अनुदान | १०९०९००० |
| प्रदेश शसर्त पुँजिगत | |
| प्रदेशको विषेश | ३००००००० |
| जिल्ला समन्वय समिति स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम क्रमागत | १००००००० |
| **संघ** | |
| शशर्त अनुदान | १११७००,००० |
| वितिय समानीकरण | ९६७००,००० |
| राजश्व बाँडफाँड | ८,८९,००,००० |
| सामाजिक सुरक्षा प्रक्षेपण | ५००००००० |

| | |
|---|---|
| आन्तरीक आय प्रक्षेपण | ३४२१५००० |
| चालु आ.व.को अनुमानित मौज्दाद | १०००००० |
| स्थानीय शासन सामुदायिक विकास कार्यक्रम | ४००००० |
| गरिवसँग विशेश्वर | १०००००० |
| जम्मा | ४४,६९,७६,००० |

**निर्णय नं. ४**

यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौगोलिक, शैक्षिक, प्रशासनिक, सास्कृतीक, धार्मिक पर्यटकिय, जातिगत तथा विविध विषय समेटिएको गाउँपालिकाको पार्श्वचित्र, २०७५ मा व्यवस्था भएको वस्तुगत विवरणका सम्वन्धमा आवश्यक छलफल तथा परिमार्जन सहित स्विकृत गरीयो ।

**निर्णय नं. ५**

तश्रो चौमासिकमा प्रदेश सरकारबाट विनियोजीत रु. ५ करोडको विशेष अनुदानबाट स्विकृत ६ वटा योजनाहरुमध्य चालु आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने वोलपत्र पक्रियामार्फत सम्झौता भई सञ्चालित योजनाहरुको पुरै रकम भुक्तानि हुने सम्भावना नभएकोले उक्त विशेष अनुदानमार्फत विनियोजित बजेट फ्रिज नहुने व्यवस्था गर्नका लागि प्रदेश सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

निर्णय नं. २ बमोजिम स्विकृत राजश्व परामर्श समितिको प्रतिवेदन, २०७६ मा स्विकृत दररेटका आधारमा अर्थ सम्वन्धी व्यवस्थालाई प्रभाकारी बनाउन तयार भएको संलग्न **आर्थिक विधेयक, २०७६ को मस्यौदा** उपर आवश्यक छलफल गरी स्विकृत गरियो साथै उक्त विधेयक सम्बन्धित समिति तथा गाउँसभामा छलफल तथा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

निर्णय नं. ३ बमोजिम स्विकृत स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको प्रतिवेदन, २०७६को आधारमा राक्सिराङ्ग गाउँपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको **विनियोजन विधेयक, २०७६** को मस्यौदा उपर आवश्यक छलफल गरी स्विकृत गरियो साथै उक्त विधेयक सम्बन्धित समिति तथा गाउँसभामा छलफल तथा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

(क) यस गाउंपालिकाको बिभिन्न वडा र सस्थाहरुबाट योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागि रकम मांग भै आएकोमा पछि गाउं कार्यपालिका बोर्डबाट अनुमोदन हुने गरी श्रीमान अध्यक्ष ज्यूबाट बिभिन्न मितिमा तपसिलको योजना तथा कार्यक्रमहरुको लागि रकम उपलब्ध गराउने भएको तोक आदेश आजको बैठकबाट सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| सि. नं. | योजना तथा कार्यक्रमको नाम | बजेट | शिर्षक |
|---|---|---|---|
| १ | डिङ्गना खोला हाईड्रोपावर निर्माण योजना, राक्सिराङ्ग ६ | रु.२,००,०००/ | गा.पा.स्तरिय आयोजनाको उर्जा लघु तथा साना जलबिधुत अर्न्तगत बिधुत पोल,ट्रान्सफर्मर,तार आदि खरिद र बितरण शिर्षक |
| २ | लैंगिक हिंसा, वालबिवाह रोकथाम र देवानी कार्यविधि सम्वन्धी सचेतना कार्यक्रम संचालन, राक्सिराङ्ग २,६ र ८ गर्नको लागि महिला सशक्तिकरण तथा गरिबी निवारण समूह नेपाल, हेटौंडा ५ | रु.१,५०,०००/ | गा.पा.स्तरिय आयोजनाको बिबिध बाल कार्यक्रम |
| ३ | मनहरी जिर्खे सडक सरसफाई योजना, | रु.२,५०,०००/ | गा.पा.स्तरिय आयोजनाको भैपरी |

| | | | |
|---|---|---|---|
| | राक्सिराङ्ग ५ | | पुजिंगत निर्माण कार्यक्रम |
| ४ | माहुरी पालन व्यवशायबाट चेपाङ्ग जातीको जिबिकोपार्जन सुधारमा चिउरीको भुमिका सम्बन्धी अध्ययन अनुसन्धान गर्न राक्सिराङ्ग ७ निवासी डटेन्द्र कुमार गोलेलाई सहयोग | रु.१५,०००/ | गा.पा.स्तरिय आयोजनाको अनुसन्धान तथा विकास कार्यक्रम |
| ५ | पहिलो मकवानपुर जर्नालिजम अवार्ड तथा मकवानपुरको पर्यटन प्रवर्द्धन मिडियाको भुमिका बिषयक सेमिनार कार्यक्रम, (क्रियशन मिडिया एण्ड इभेन्ट म्यानेजमेन्ट प्रा.लि., हेटौंडा २) | रु.५०,०००/ | गा.पा.स्तरिय आयोजनाको सस्थागत विकास, सेवा प्रवाह सुशासन कार्यक्रमको सूचना प्रविधि शिर्षक |

(ख) यस गाउंपालिकाको वडा नं.२ स्थित प्रजा जागृती आधारभूत विधालयको भवनको जापानिज एम्बेसीमा प्रस्ताव पेश गर्न आबश्यक पर्ने ड्रईङ्ग डिजाईन लागत अनुमान तयार गर्ने कार्यको लागि चालु आ.व.२०७५/७६ को गा.पा.स्तरिय आयोजनाको सस्थागत विकास कार्यक्रमको अनुसन्धान तथा विकास कार्यक्रमबाट सजोनित ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.लि., ललितपुर १३ लाई रु. १,००,०००/ उपलब्ध गराउने कार्यालयको मिति २०७६/०३/०५ को निर्णय अनुमोदन गरीयो ।

(ग) यस गाउंपालिका अर्न्तगतको चैनपुर साजक रानीवाङ्ग पन्जनी मान्छाप गिन्गु रतुवा साईचा खैराङ्ग मलेखु वडा नं. ४,५,९ साथै कैलाश गा.पा.जोड्ने सडक योजना टेण्डर प्रकृयाबाट संचालन गर्नुपर्ने भएकोले सो टेण्डर डकुमेन्ट तयार गर्ने कार्यको लागि चालु आ.व. २०७५/७६ को गा.पा.स्तरिय आयोजनाको सस्थागत विकास कार्यक्रमको अनुसन्धान तथा विकास कार्यक्रमबाट एस.एण्ड एस.आर्किटेक्चरल एण्ड सिभिल ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.लि., भक्तपुर ३ लाई रु.१,००,०००/ उपलब्ध गराउने कार्यालयको मिति २०७६/०३/०५ को निर्णय अनुमोदन गरीयो ।

(घ) यस गाउंपालिकाको चालु आ.व. २०७५/७६ मा संचालित तपसिलका आयोजनाको निर्माण कार्य उपभोक्ता समितिबाट संचालन गरी रकम भुक्तानी मांगको लागि उपभोक्ता समितिको निर्णय साथ अनुरोध भै आएकोमा सोको प्राविधिक शाखाबाट तपसिल बमोजिमको योजनामा तपसिल बमोजिमको प्राविधिक मूल्यांकन पेश भएकोले मूल्यांकन अनुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी दिने कार्यालयको तपसिलको मितिमा भएको निर्णय अनुमोदन गरीयो

<u>तपसिल</u>

| सि. नं. | योजनाको नाम ठेगाना | स्वीकृत बजेट | पेश भएको मूल्यांकन | मूल्यांकन अनुसार निकासा रकम | कार्यालयको निकासा निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | दामराङ्ग गर्लिङ्ग सडक निर्माण योजना,राक्सिराङ्ग ७ | रु.२० लाख | १५,२०,०८७/१३ | १२,२१,०००/ | २०७६/०३/०५ |
| २ | दुङ्गथली रिन्चराङ्ग धिराङ्ग गर्लिङ्ग सडक निर्माण योजना, राक्सिराङ्ग ७ | रु.१० लाख | १०,०६,६२६/५८ | ८,००,०००/ | २०७६/०३/०६ |

(ङ) यस गाउंपालिकाको गत आ.व.२०७४/७५ मा संचालन भै सम्पन्न हुन बांकी योजना तथा कार्यक्रमहरु चालु आ.व.२०७५/७६ मा जिम्मेवारी सारेका र चालु आ.व.२०७५/७६ मा स्वीकृत भै सम्पन्न हुन बांकी रहेका योजना तथा कार्यक्रमहरुको सम्पन्न गर्ने म्याद गाउं कार्यपालिकाको मिति

CamScanner

२०७६/०१/०६ को निर्णयानुसार मिति २०७६ जेष्ठ मसान्त सम्म थप भएकोमा भौगोलिक बिकटताको कारण केही योजना तथा कार्यक्रमहरु सम्पन्न हुन बांकी रहेकोले सोको सम्पन्न गर्ने म्याद मिति २०७६ आषाढ २० सम्म थप गर्ने निर्णय गरीयो ।

(च)

- प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि विनियोजित रु. १९ लाखबाट वडा नं. ३ र ९ लाई २ लाख ५० हजार र बाँकी सबै वडाहरुलाई २/२ लाख बराबरको योजना तर्जुमा गरी आगामी कार्यपालिकाको वैठकमा स्विकृतीका लागि पेश गर्ने
- यसै असार १० गते हुने पाँचौ गाउँसभा सञ्चालन गर्नका लागि संलग्न कार्यसूची पारीत गर्ने ।